# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पचरौता नगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पचरौता नगरपालिका
## बारा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पचरौता नगरपालिका

बारा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १०६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू, पचरौता नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

बेनौली, बारा।

१. **कैफियत सहितको राय** –हामीले पचरौता नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन्।

२.२. लेखापरीक्षणबाट रू.४ करोड ९४ लाख ९९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४५ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ५९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ६० हजार र पेश्की बाँकी रु.६५ लाख ४७ हजार समेत रु.४ करोड ९४ लाख ९९ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.२५ करोड ५५ लाख ९० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३० करोड ५० लाख ८९

हजार रहेको छ। नगरपालिकाको बेरुजु वर्गिकरण र अद्यावधिक बेरुजु स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ। पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( श्यामप्रसाद भण्डारी )

**नायब महालेखापरीक्षक**

# पचरौता नगरपालिका,

# बारा

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | १५१ | ४९४९९ | ० | ० | ० | ७६ | १५१ | ४९४९९ | ४५२७ | २४६० | ३५९६५ | ० | ० | ३८४२५ | ६५४७ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पचरौता नगरपालिका, बारा | २५५५९० | ० | ० | २५५५९० | ० | ४९४९९ | ३०५०८९ |

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ४४.४१ वर्ग किलोमिटर सभा सदस्य संख्या ४७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।३ देखि २०८०।९।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ७६,९७,७२,६६२.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकीकृत आय र व्यय विवरण**

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पचरौता नगरपालिका, नगर कार्यपालिकाले पेश गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आर्थिक वर्ष २०७९।०८० एकिकृत आय-व्यय विवरणको अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | रकम रु. | रकम रु. | व्ययतर्फ | रकम रु. | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | १०६६५६९७० | चालु खर्च | | ३३७७९२७२३ |
| | क) संचित खाता | ७२६५५७५४ | | पूँजीगत खर्च | | १०१९९६०८१ |
| | ख) चालू खर्च खाता | ७८४०१५५ | | | | |
| | ग)पूँजीगत खर्च खाता | ५६९४७६ | | | | |
| | घ) विविध खर्च खाता | ६६५२३२ | | | | |
| २ | ङ) आन्तरिक राजस्वखाता | ८८२५६०२ | | | | |
| | च) राजस्व बाँडफाँडखाता | १३७३८०१६ | | | | |
| | धरौटी बैंक मौज्दात | २३६२७३४ | | | | |
| | क) आन्तरिक राजस्वखाता | | १२८७५०६६ | | | |
| | ख) राजस्व बाँडफाँडसंघ र प्रदेश | | ७८८४१७७५ | धरौटी खाता | | १०८९२०२ |
| ३ | वित्तीय हस्तान्तरण संघ | | | विविध खर्च खाता | | १७८५८६९ |
| | क) वित्तिय समानीकरण अनुदान | | ११६८२७५०० | सा.सु. तथा संरक्षण वितरण | | १५९५०२०९५ |
| | ख) सशर्त | | २१८०९४००० | एकिकृत | | ३०१३४५६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनुदान | | | स्वाथ्य पूर्वाधार विकास कार्यक्रम | | |
| | ग) समपुरक अनुदान | | १६००००० | मौज्दात | | १३७४७२१२६ |
| | घ) विशेष अनुदान | | १०००००० | क) संचित खाता | ८२९४१८०० | |
| ४ | प्रदेश सरकारबाटप्राप्त अनुदान | | | ख) चालू खर्च खाता | ८०९४०७२ | |
| | क) वित्तिय समानीकरण अनुदान | | ८१०९००० | ग)पूँजीगत खर्च खाता | १११०९२७३ | |
| | ख) सशर्त अनुदान | | २५००००० | घ) विविध खर्च खाता | ५८९९७८ | |
| | ग) समपुरक अनुदान | | २००००० | ङ) आन्तरिक राजस्वखाता | १२८७५०६६ | |
| | घ) विशेष अनुदान | | ३००००० | च) राजस्व बाँडफाँडखाता | १४५६७३२८ | |
| ५ | सामाजिक सुरक्षा | | १५९५०२०९५ | आन्तरिक अनुदान खाता | २५००००० | |
| ६ | एकिकृत स्वाथ्य पूर्वाधार विकास कार्यक्रम | | ३०१३४५६६ | धरौटी बैंक मौज्दात | ४७९४६०८ | |
| ७ | धरौटी आय | | ३५२१०७६ | | | |
| ८ | विविध आय | | १७१०६१५ | | | |
| | जम्मा | | **७६,९७,७२,६६२** | जम्मा | | **७६,९७,७२,६६२** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख

गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडास्तरीय ५ र पालिकास्तरका ७५ गरी कुल ८० योजनामा वजेट विनियोजन गरेको छ ।

| **क्र. सं.** | **विवरण** | **योजना सङ्ख्या** | **रु. २० लाखमाथिका योजना सङ्ख्या** | **रु. ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु. ५ लाखभन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय योजना | ७५ | १७ | ४९ | ९ |
| .२ | वडास्तरीय योजना | ५ | ० | ० | ५ |
| | **जम्मा** | **८०** | **१७** | **४९** | **१४** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसै गरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८० योजनामात्र कार्यान्वयन भएको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **पारिश्रमिक कर:** आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारीमा लाग्ने कर सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुरुप नगर अस्पताल स्वास्थ्य चौकीमा कार्यरत निम्न कर्मचारीलाई लाग्ने पारिश्रमिक कर कट्टा नगरेकोले उक्त कर रकम असुल गरि संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **कर्मचारीको नाम** | **बार्षिक आम्दानी** | **कर योग्य आय** | **बार्षिक कर** | **दाखिला गरेको कर रकम** | **दाखिला गर्न बाँकी कर** |
|---|---|---|---|---|---|
| डा. विकास पटेल | १२२८४२५ | ६२८४२५ | ११८५२८ | ८७७२७ | ३०८०१ |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ३०,८०१ |

५ **दरबन्दी तथा पदपुर्ति** – पालिकाको लागि संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत भएको दरबन्दी संरचना अनुसार विभिन्न पदमा १०५ जनाको दरबन्दी रहेकोमा ८६ पदपुर्ति भएको र १९ जना रीक्त देखिएकोले पदहरु रीक्त देखिएकोले सम्बन्धित निकायबाट पद पुर्ति गर्नु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६ **करार कर्मचारी-** यस पालिकाले विभिन्न पदमा गत विगत वर्षहरु देखि करारमा कर्मचारी नियक्त गरी म्याद थप गर्दै आइरहेको देखियो ।पालिकाको लागि आवश्यक कर्मचारी दरबन्दी सम्बन्धी संगठन व्यवस्थापन तथा सर्भे गरी दरबन्दी एकिन गरी प्रतिस्पर्धाको माध्यमबाट कर्मचारी करारमा नियुक्त गरी सेवा लिनु पर्नेमा पालिकाको निर्णय अनुसार व्यक्तिगत पहुंचमा ठूलो संख्यामा नियक्त गरी करार सेवा शुल्कमा बजेट राखी यो वर्ष रु ११७४१९२४ खर्च गरेको देखियो ।यसरी कर्मचारी नियुक्ती गरेको उपयुक्त देखिएन । संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी एकिन गरी पदपुर्ति गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

७ **प्राविधिक मुल्याङ्गन वेगर भुक्तानी** - ७२।०७९।७।२९ सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न गर्नुपर्ने निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगर भरी सडक बत्ती जडान चापाकल वितरण तथा जडान कार्य गरेको भनि भुक्तानी गरेकोमा रु १६९३१०८ प्राविधिक मुल्याङ्गकन गरेको नदेखिएकोले जडान गरेको प्राविधक मुल्याङ्ककन पेश गर्नुपर्ने देखिएको रु

| **भौ नं र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ७२।०७९।७।२९ | नगर भरी सडक बत्ती जडान गर्न भनि बालाजी ट्रेडर्स एण्ड सप्लायर्स वीरगंजको विल नं १०२।०७९।७।२९ विल बाट मुल्यअभिबृद्धि समेत रु ७००५२४ भुक्तानी | **७००५२४** |
| ३३०।०८०।१।५ | नगरभरी चापाकल वितरण तथा जडान | **९९२५८४** |
| | **जम्मा** | |

| | प्रमाण पेश नगरेको | १६,९३,१०८ |
|---|---|---|

८ **विल र भरपाईः** - ४२।०४९।७।४ आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व सम्बन्धि नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई चेक जांच गरी ठिक दुरुषत देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले कम्युटर एण्ड आइटी सप्लार्यस विल नं २१।०७९।६।३ फोटोकपी विलबाट रु ३१४३६६ भुक्तानी गरेकोले सक्कल विजक पेश गर्नुपर्ने देखिएको रु

| | प्रमाण पेश नगरेको | ३,१४,३६६ |
|---|---|---|

९ **अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रकम २०८०।४।२१ मा फिर्ता गरेको प्रमाण पेश गरेको छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | १९१६४४००० | १४१९६८८४४ | ४९६७५१५६ |
| | शसर्त पूंजिगत | २६४५०००० | २२८५४४९६ | ३५९५५०४ |
| | विषेश पूंजिगत | १०००००००० | ७०५७१६५ | २९४२८३५ |
| | समपुरक पूंजिगत | १६०००००० | ९१७५०३१ | ६८२४९६९ |
| | अन्य | ० | | |
| **प्रदेश सरकार** | शसर्त पूंजिगत | ५०००००० | २६७०१८४ | २३२९८१६ |
| | विषेश पूंजिगत | ३०००००० | २९९५४६७ | ४५३३ |
| | **जम्मा** | **२५२०५३०००** | **१८६६८०१८७** | **६५३७२८१३** |

पालिकाले माथि उल्लिखित तालिका अनुसार संघिय, प्रदेश अनुदान रु. २५,२०,५३,००० प्राप्त गरेकोमा खर्च रु.

१८,६६,८०,१८७ भई रु. ६,५३,७२,८१३ बांकी रहेकोमा मिति २०८०।४।२१ को संघ र प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गरेको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **गैरसरकारी संस्थाबाट कार्य-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम कामको आवश्यकता किसिम समयावधि जनशक्तिको व्यवस्था आदिलाई ध्यानमा राखी कामको लागत अनुमान तयार गरी लागत अनुमान स्वीकृती गराई गैरसरकारी संस्थाबाट रु.१० लाखसम्मको काम गराउन सकिने व्यवस्था छ। पालिकाले लागत अनुमान तयारी र स्वीकृत नगराई प्रस्तावको आधारमा बजेटमा उल्लिखित रकमलाई नै आधार मानी कार्यक्रम सञ्चालन गर्न दिई रु.१७३१९६१७ भुक्तानी गरेकोमा लागत अनुमान स्वीकृती गरी संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत माग गरी कार्यक्रम सञ्चालनको व्यवस्था हुनुपर्दछ। केहि उदाहारण निम्नानुसार छन्

| **गो.भौ.नं. र मिति** | **व्यहोरा /विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ३१८।०७९।१२।२४ | वडा नं.३ ५ र ९ मा बालविवाह तथा बहुविवाह सम्बन्धी जनचेतना साहस नेपाल | ३४९४७५ |
| ३१९।०७९।१२।२४ | वडा नं. ५ बालबालिका सम्बन्धी जनचेतना तालिम सहारा युवा क्लव | २४९२४० |
| ३२०।०७९।१२।२४ | वडा नं. ७ महिला हिंसा विरुद्ध सम्बन्धी जनचेतना तालिम महिला बाल समाज केन्द्र | २९९५८६ |
| ३२१।०७९।१२।२४ | वडा नं. ५ सीपमुलक तालिम कार्यक्रम सहारा नेपाल | २९९२५० |
| ३४२।०८०।१।१३ | वडा नं. १ र ९ किशोरी सरसफाई तालिम जागृक नेपाल | ४९९००० |
| ३४३।०८०।१।१३ | वडा नं. ३ महिला हिंसा विरुद्ध सम्बन्धी जनचेतना तालिम तराई महिला उत्थान केन्द्र | २९९५०० |
| ३४५।०८०।१।१३ | वडा नं. ३ ५ र ७ किशोरी सरसफाई तालिम उज्यालो नेपाल | ४९९००० |

| सैद्धान्तिक बेरुजु |
|---|

११ **वितरणमुखी खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुनेगरी

अधिकतम प्रतिफल दिने कार्यक्रम छनौनट गरी कार्यान्विन गर्नुपर्ने व्यवस्था छ। पूंजी निर्माणमा सहयोग नरहने उत्पादन बृद्धि नगर्ने किसिमका खर्चलाइ नियन्त्रण गर्नुपर्नेमा पालिकाले विभिन्न संघ संस्था समुह क्लव लागायतलाई प्रस्तावको आधारमा रकम उपलब्ध गराएको देखिएकोले यस्ता खर्चलाई कानुनद्वारा व्यवस्थित गरी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| **गो.भौ.नं. र मिति** | **व्यहोरा /विवरण** | **रकम** |
|---|---|---|
| १८५।०७९।११।१९ | वडा नं. ७ महावीर झण्डा मेला तथा दगल कुस्ती कार्यक्रम खर्च भुक्तानी | २५०००० |
| ४७४।०८०।३।२१ | वडा नं. ५ खेलकूद सामाग्री वितरण | २९७९७५ |
| ४७३।०८०।३।२० | १ देखि ९ वडाका जेष्ठ नागरीकहरुलाई औषधि उपचार खर्च वितरण | १९१०००० |
| १५१।०७९१०।७ | अपाङ्ग परिचय प्राप्त व्यक्तिका लागि कम्बल २३५ थान विवरण | ३९८३२५ |
| १४५।०७९।९।२२ | शितलहर पिडितहरुलाई फाइवर सिरक ५८८ वटा दर रु. १५०० मुल्य अभिबृद्धि समेतको भुक्तानी रु. | ९९६६५० |
| | **जम्मा** | **३८,५२,९५०** |

सैद्धान्तिक बेरुजु

१२ **इन्धन खर्च :** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को अनुसूचिमा पालिका प्रमुख तथा उपप्रमुखलाई प्रति महिना १२५/१२५ लि. उपलब्ध गराउने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारी इन्धनमा रु.४०००००० खर्च गरेको छ। पालिकाले सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन्। सहायक जिन्सी अनुसार स्थानीय तहमा नगरपालिका प्रमुखले मात्र चारपाङ्ग्रे १ वटा सवारी साधन प्रयोगमा रहेका छन्। स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ अनुसार उक्त सवारी साधनलाई वर्षभरी १५०० लिटरको रकम खर्च गर्नुपर्ने देखिन्छ। उक्त ऐन अनुसार १ सवारी साधनमा बर्षभरीमा पालिकाले गत वर्षको इन्धनको अधिक्तम दर रु. १७०.० लाई आधार लिदाँ प्रमुख र उपप्रमुखले प्रति महिना १२५/१२५ लिटरका दरले एक वर्षमा १ गाडीमा १५०० लि. प्रयोग गरी रु.२५५०००.० खर्च गर्नुपर्नेमा रु.४०००००० खर्च गरिएकोले रु.३७४५००० को बढी खर्च गरेको छ। यसरी पालिकाले मधेश प्रदेशले तोकेको अधिक्तम सुविधा भन्दा बढी इन्धन प्रयोग गरी रु.१७०११३७.० खर्च लेखेकोले बढी व्ययभार पर्न गएको छ।

१३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| मालपोत /भूमिकर | २२०००००० | ० | ० |
| घर वहाल कर | १००००० | ४०४४७ | ४० |
| मनोरन्जन कर | ९४९८०००० | ६६०३७९५८ | ६९ |
| अन्त शुल्क | ० | १६९९३७१३ | |
| सवारी साधन कर | २०००००० | ० | ० |
| अन्य कर | २५०००००० | ७०१५०४६ | २८ |
| कृषि उत्पादन तथा विक्री | ५००००० | ० | ० |
| अन्य विक्री | १०००००० | ० | ० |
| शिक्षा क्षेत्रको आम्दानी | ५००००० | ० | ० |
| अन्य राजस्व | २४८१९८९७ | ० | ० |
| **जम्मा** | **१७०८९९८९७** | **९००८७१६५** | **१३७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आय अनुमान यथार्थको नजिक हुने गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.६२ करोड ८४ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।६।१४ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।६।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३०१८०००० | १६७४६९८१ | ५५.४९ |
| २ | पूर्वाधार विकास | २१०१८१४५४ | ८९७६०३८५ | ४२.७१ |
| ३ | सामाजिक विकास | १५२०९४००० | १२०२०७१८९ | ७९ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८२५०००० | ४९९११५० | २७ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २५४४७०६७८ | २०८०८३०९८ | ८१ |
| **जम्मा** | | **६६५१७६१३२** | **४३९७८८८०४** | ६६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक सबैभन्दा बढी ८१ % प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २७ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१६ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १०१९९६०८१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय/व् अनुमान रु १८०७१४१३२ .गरेकोमा वास्तविक आय रु १२८७५०६६ भएको छ ।आय अनुमानको तुलनामा बास्तविक आय ७.१२ % घटी देखिएकोले अनुमान यथार्थ परक भएन । २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ४४७८५९६३९ | १२८७५०६६ | २.८७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८७ % प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्द आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य ऐन, २०५३ तथा शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई चालुतर्फ कर्मचारीको रु. ९९,४४,९९९ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **करार कर्मचारीलाइ महंगी भत्ता** –२७४।०७९।११।२८, करार ऐन, २०४९ मा कर्मचारीहरुलाई करारमा नियक्ति गर्दा शुरु स्केलमा दिने गरी नियक्ति गर्नुपर्ने व्यवस्था गरेको छ। संघीय सरकारले करार कर्मचारीलाई महँगी भत्ता नदिने व्यवस्था गरेकोमा देहायका कर्मचारीहरुलाई सम्झौतामा उल्लेख गरी महंगी भत्ता दिएको देखिएकोले नियमानुसार नभएकोले अनियमित देखिएको छ।

| **पद र नाम** | **भत्ता रकम** | **महिना** | **जम्मा** |
|---|---|---|---|
| एम.आइ.अपरेटर श्री राकेश प्रसाद चौरसिया | २००० | ८ | १६००० |
| एम.आइ.अपरेटर श्री पिंकी यादव | २००० | ८ | १६००० |
| कम्पुटर अपरेटर श्री दिपक प्रसाद चौधरी | २००० | १२ | २४००० |
| ना.प्रा.स. श्री हिरामुनी कुमारी | २००० | १२ | २४००० |
| **जम्मा** | | | **८००००** |

सैद्धान्तिक बेरुजु

२० **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २१ र यो बर्ष थप भएको ३३ गरी कुल ५४ विवाद दर्ता भएकोमा ७ वटा फर्स्यौट भई ४७ वटा मुद्दा फरफारक गर्न बांकी देखिन्छ।

सैद्धान्तिक बेरुजु

२१ **थप महिनाको तलब** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त तथा सुरक्षा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । तर पालिकाले कर्मचारीहरुलाइ थप तलब तथा प्रोत्साहन भत्ता दिन गरी कुनै बनाएको देखिएन। यस्तो खर्च दिनै पर्ने अवस्थामा आन्तरीक स्रोतबाट व्यहोर्ने गरी दिन सकिनेमा राजस्व बांडफांडबाट देहाय अनुसारको थप सुविधा रु ९५१४१२ खर्च गरेकोले यस्तो खर्चलाइ नियन्त्र गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२२ **खाना तथा विविध खर्चः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु.४३००००० खर्च गरेको । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

| **गो भौ नं र मिति** | **व्यहोरा /विवरण** | **रकम** |
|---|---|---|
| **२२।०७९।७।१** | सम्झना होटल प्रा.ली | २४७१५० |
| १३१।०७९।९।१३ | कावेरी खाजा घर भुक्तानी | ११९००० |
| २४८।०७९।११।१६ | दिनेश प्रसाद कानु र रामेश्वर साह भुक्तानी | ११२२७५ |
| १९।०७९।७।१ | कलवारमनिष खाजा घर भुक्तानी | ९९२०० |

सैद्धान्तिक बेरुजु

२३ **प्रोत्साहन भत्ता** – २८।०७९।१२।१, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाको शर्त तथा सुरक्षा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ ।तर पालिकाले जिल्ला समन्वय समितिको सिफरीसमा Lisa तथा FRA विवरणमा काम गरेको भनि कर्मचारीहरुलाइ थप तलब तथा प्रोत्साहन भत्ता दिन गरी कुनै कानुन नबनाई निर्णयको आधारमा खर्च गरेको छ । यस्तो खर्च दिनै पर्ने अवस्थामा आन्तरीक स्रोतबाट व्यहोर्ने गरी दिन सकिनेमा राजस्व बांडफांडबाट रु.१४७०५६ थप सुविधा खर्च गरेकोले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१२८७५०६६ राजस्व बाँडफाँड र अनुदानबाट रु.४६००४४९०७ आम्दानी भएकोमा चालुतर्फ रु.३३७७९२७२३ र पूँजिगततर्फ रु.१०१९९६०८१ र वित्तीय व्यबस्थातर्फ रु.२८७४७७१ समेत रु.४४२६६३५७५ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३ प्रतिशत चालु र २२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायानुसार गत वर्षको जिम्मेवारी रु.० यस वर्षको प्राप्ति रु.१९०१९५७२० यस वर्षको भुक्तानी रु.१८४४४०८९८ बैङ्क मौज्दात रु.५५५५३५९ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | १०६६५६९६९ | ४७२९१९९७३ | ४४७८५९६३९ | १३१७१७३०३ |
| एकीकृत आर्थिक विवरणअनुसार | १०६६५६९६९ | ६६३११५६९३ | ६३२३००५३७ | १३७२७२६६२ |
| फरक | ० | **१९०१९५७२०** | **१८४४४०८९८** | **५५५५३५९** |

सैद्धान्तिक बेरुजु

२६ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५९५०२०९५ स्थानीय तह

पूर्वाधार विकास कार्यक्रमको रु.३०१३४५६६ समेत गरी रु.१८९६३६६६१ सुत्रमा लेखाङ्कन गरेको छैन्। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन्। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| मालपोत /भूमिकर | २२०००००० | ० | ० |
| घर वहाल कर | १००००० | ४०४४७ | ४० |
| मनोरन्जन कर | ९४९८०००० | ६६०३७९५८ | ६९ |
| अन्त शुल्क | ० | १६९९३७१३ | |
| सवारी साधन कर | २०००००० | ० | ० |
| अन्य कर | २५०००००० | ७०१५०४६ | २८ |
| कृषि उत्पादन तथा विक्री | ५००००० | ० | ० |
| अन्य विक्री | १०००००० | ० | ० |
| शिक्षा क्षेत्रको आम्दानी | ५००००० | ० | ० |
| अन्य राजस्व | २४८१९८९७ | ० | ० |

| जम्मा | १७०८९९८९७ | ९००८७१६५ | |
|---|---|---|---|

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।आय अनुमान यथार्थको नजिक हुने गरी राख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२८ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार, लिलामी गर्नुपर्ने विवरण उल्लेख गरेको देखिएन। तोकिएको अनुसार उल्लेख गरी मालसमानको नियमानुसार मर्मत लिलाम विक्री लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

**जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको देखिएकोले बैक हिसाव मिला न विवरण तयार गरी श्रेस्ता र बैक बराबर देखाउनु पर्दछ ।

| क्र.सं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी |
|---|---|---|---|
| १ | ग१.१आन्तरिक राजस्व खाता | ७०५५४९३ | १२८७५०६६ |
| २ | ग१..२बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | १४५६७३२८ |
| ३ | ग१. ३ आन्तरीक अनुदान खाता | ० | २५००००० |
| ४ | ग१२.२ चालु खर्च खाता जोर वर्ष | १८०२४८२८ | ८०९४०७२ |
| ५ | ग२.४ पुंजीगत खर्च खाता जोर वर्ष | ३२१२८९१९ | १११०९२७३ |
| ६ | ग२.७ विविध खर्च खाता | १७५४२२ | ५८९९७७ |
| ७ | स्थानीय धरौटी खाता | ४७९४६०८ | ४७९४६०८ |
| ८ | स्थानीय तह सञ्चित कोष खाता | ७५२९२८५४ | ८२९४१७९९ |
| | **जम्मा** | **१३,७४,७२,१२५** | **१३,७४,७२,१२५** |

कार्यालयले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार बाँकी रु १३,७४,७२,१२५ बैक अनुसार बांकी रु १३,७४,७२,१२५ बैक बढी रु. ० देखिएकोले खाता अनुसारको बैक हिसाव समायोजन विवरण तयार गरी श्रेस्ता र बैंक बराबर देखाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता रु १७९८०३० वितरण गरेको पाइयो । यस्तो खर्चमा मापदण्ड पचरौता नगरपालिका आर्थिक साहेता सम्बन्धित २०७९ तयार गरेकोमा साहेताको दरमा न्यनतम र अधिकतमको फरक धेरै देखिएकोले सुधार हुनुपर्दछ ।

| **क.सं** | **विवरण** | **सहायता दर देखि सम्म** |
|---|---|---|
| १ | दुर्घटना | ५ हजार देखि ५० हजार सम्म |
| २ | दीर्घ रोग उपचार | ५ हजार देखि १ लाख सम्म |
| ३ | गरीब तथा असाय | ५हजार देखि ५० हजार सम्म |
| ४ | संगसंठन /युवा | ५ हजार देखि ५० हजार सम्म |
| ५ | मेला पर्व कुस्ती | ५ हजार देखि ५० हजार सम्म |

सैद्धान्तिक बेरुजु

३२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम विक्री र मर्मत नभएको,

• आन्तरीक लेखापरीक्षण नगराएको र

• रसिद नियन्त्रण खाता नराखेको ।

तसर्थ, आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **लागत सहभागिता —** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाभित्र २५ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **कन्टिजेन्सी खर्चः-** यस पालिकाले हरेक योजनामा न्युनतम २ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन । कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता राख्नुपर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाईयो। कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने

आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **जिन्सीको निरीक्षण प्रतिवेदन कार्यान्वयनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को नियम ९४ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान तोकिएको अवधि भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। गत विगतको मौज्दात र यस बर्ष खरीद भएको सामग्रीको समेत कार्यालयमा कति मूल्यको सम्पत्ति रहेको छ यकिन हुन सकेन । पालिकाले सबै जिन्सी सम्पत्तिको सम्पत्ति व्यवस्थापन प्रणालीमा स्पेशिफिकेसन खुलाई अभिलेख अधावधिक गरी प्रतिवेदन अनुसार जिन्सी सामग्री तोकिएको अवधीभित्र मर्मत तथा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्छ ।

सैद्धान्तिक बेरुजु

३८ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **तलब पेश्की** - ७०।०७९।७।२९, कर्मचारीलाइ महिना समाप्त भए पश्चात तलब दिने व्यवस्था रहेकोमा क.प. श्री दिपक प्रसाद चौधरीलाइ ०७९ मार्ग देखि ०८० जेष्ठ सम्म ७ महिनाको तलब पेश्की रु ३६७१० का दरले हुने रु २८२६६७।० हाल सम्म फर्स्यौट नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| पेश्की | २,८२,६६७ |

४१

**छात्रबृति अनुदान-** पालिकाले यस वर्ष छात्रबृति अनुदानका लागि भनि रु. २५,००,००० बजेटमा राखि पालिका भित्रका विद्यार्थिहरुमध्ये बाट सूचना प्रकासन अनलाइन फारम दर्ता छनौट समिति बनाइ छनौट भएका देहायका विद्यार्थहरुलाइ अनुदान उपलब्ध गराएको छ । पालिकाबाट कार्यविधि स्वीकृत नगराइ गरेको खर्चलाइ नियमसंगत भएको भन्न सकिएन।

| भौ.नं. र मिति | विद्यार्थिको नाम र विवरण | रकम |
|---|---|---|
| ४०२।०८०।२।१६ | वडा नं. ५ एम.वि.वि.एस.मा अध्ययनरत श्री निशा चौरसिया | १०,००,००० |
| | वडा नं. १ एम.वि.वि.एस.मा अध्ययनरत श्री अंशुराज | १०,००,००० |
| | वडा नं. ४ रेडियो ग्राफिमा अध्ययनरत श्री प्रशंसा कुमारी यादव | ५,००,००० |
| | जम्मा | २५,००,००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **धरौटी तर्फ**

४२.१ **धरौटी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयमा प्राप्त भइ खर्च भएर बाँकी धरौटी रकम स्रेस्ता खडा गरी अध्यावधिक अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार गत वर्षको जिम्मेवारी रु २३६२७३४.३२ यस वर्षको आय रु ३५२१०७६.०० समेत जम्मा रु ५८८३८१०.३२ मा फिर्ता खर्च रु १०८९२०२.०० गरी रु ४७९४६०८.३२ मौज्दात रहेको देखाएकोमा कुन कुन व्यक्ती वा संस्थाको बाँकी रहेको म्याद नाघेको कति हो विवरण अद्यावधिक गरि राखेको छैन। नामनामेसी सहितको विवरण अद्यावधिक गराइ राख्नु पर्दछ ।

| |
|---|
५५ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । तर नमूना परीक्षण गर्दा पालिका पूँजिगतवाट बिभिन्न सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई एकै प्रकृतिका वस्तु तथा सेवालाई बिभिन्न समयमा टुक्रा तथा लागत अनुमान समेत तयार नगरी प्रतिस्पर्धाबाट वञ्चित हुने गरी बिभिन्न आपूर्तकवाट कोटेशन मार्फत् रु. २९,२२,५८६ को बिभिन्न सामाग्री खरिद गरेको नियमसंगत देखिएन। अतः यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ।

| भौ.नं. र मिति | आपूर्तक | सामाग्री | रकम रु. |
|---|---|---|---|
| **पालिका पूँजीगत** | | | |
| ४।०७९।८।२१ | कुशवाहा ब्रदर्श एण्ड सन्स | कार्यालय सामाग्री फर्निचर | ७,७४,३३२ |
| **शिक्षा पूँजीगत** | | | |
| २।०७९।१०।१२ | आर. एन. ए. डिजाइन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | कार्यालय सामाग्री फर्निचर | ८,२६,६८२ |
| ५।०७९।१२।२३ | बासपानी कन्स्ट्रक्सन प्रा. लि. | कार्यालय सामाग्री फर्निचर | ४,६५,९६३ |
| ६।०७९।१२।२३ | साभी कन्स्ट्रक्सन प्रा. लि. | कार्यालय सामाग्री फर्निचर | ८,५५,६०९ |
| **जम्मा** | | | **२९,२२,५८६** |

सैद्धान्तिक बेरुजु

५६ **(२१-२०८०-३-१९) पूर्व निर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण कार्य संझौताको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यावस्था छ । पालिकाले निम्नानुसार निर्माण व्यावसायीको तोकिएको समयमा कार्य सम्पन्न नभएको र म्याद थप समेत नभएको हुँदा निजहरुसँग सो बमोजिम हर्जाना असुल गरी कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ । तसर्थ, निम्नानुसार कार्य सम्पन्न गरी सोको सम्पन्न हुने दिनसम्मको रु. १८,१४,४५६.९७ पूर्व निर्धारित क्षतिपूर्ति लिई समयमा कार्य सम्पन्न हुनुपर्दछ ।

| ठेक्का नं. | विवरण | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | ढिला अवधी | क्षतिपूर्ति रकम रु. |
|---|---|---|---|---|---|
| १३।०७९।०८० | कालोपत्रे तथा नाला निर्माण कार्य (कबोल अंक रु.२,०१,६०,६३३ भ्याट बाहेक) श्री दिपु सुवेदी जे.भी. | २०८०।२।१८ | २०८०।३।३१ | ६ महिना | १८,१४,४५६.९७ |

सैद्धान्तिक बेरुजु

५७ **मोबिलाइजेशन पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की लिने कर्मचारी, पदाधिकारी वा संस्थाले तोकिएको म्यादभित्र पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निम्न ठेकेदारले तोकिएको कामको लागि पेश्की लिई रु. २,७०,००,००० को मोबिलाइजेशन पेश्की फर्छ्यौट गर्नु पर्दछ ।

| क्र.सं. | ठे.नं. | योजनाको नाम | फर्म | विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|---|
| १. | १२।०७८।०७९ | १५ सैय्या अस्पताल निर्माण | शर्मा।गजुरमुखी जे.भी. | १ वर्ष २४ दिनको घटि ए.पि.जी. म्याद | २०७९।१०।५ | २०८०।१०।२९ | १,६५,००,००० |
| २. | १२।०७८।०७९ | १५ सैय्या अस्पताल निर्माण | शर्मा।गजुरमुखी जे.भी. | ९ दिनको घटि ए.पि.जी. म्याद | २०८०।१०।२० | २०८०।१०।२९ | १,०५,००,००० |
| | | | | **जम्मा** | | | **२,७०,००,०००** |

सैद्धान्तिक बेरुजु

५८ **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि हुनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अविधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढि अवधि भएको रु. १,३२,७७,४७८.३२ को कार्य सम्पादन जमानत पेश गर्नुपर्ने रु.

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | फर्म | कार्य सम्पादन जमानतको विवरण | अवधि भएको | हुनुपर्ने अवधि | रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | पालिका पूँजीगत | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | SQ।०१।०७९।८० | नगरपालिकाको कम्पाउण्ड वाल। ग्यारेज ट्रस्ट । पार्क निर्माण | जानकी कन्स्ट्रक्सन | १ वर्ष १९ दिनको घटि म्याद | २०८०।३।३१ | २०८१।४।२० | २,५८,८२० |
| २ | १५।०७९।०८० | सि.सि.टि.भि. खरिद तथा जडान | आर.के.एण्ड सप्लायर्स | १३ महिना ५ दिनको घटि म्याद | | | १,३२,२६९.४६ |
| **शसर्त पूँजीगत** | | | | | | | |
| १ | १३।०७९।०८० | कालोपत्रे तथा नाला निर्माण कार्य | श्री दिपु सुवेदी जे.भी. | ११ महिना २१ दिनको घटि म्याद | २०८०।५।१५ | २०८१।५।६ | २८,८६,००० |
| **एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम** | | | | | | | |
| १ | १२।०७८।०७९ | १५ सैय्या अस्पतालको भवन निर्माण | शर्मा।गजुरमुखी जे.भी. | १ महिना ६ दिनको घटि म्याद | २०८१।१०।२८ | २०८१।१२।४ | ९३,२७,९८८.८६ |
| **शिक्षा पूँजीगत** | | | | | | | |
| १ | ६।०७९।०८० | कम्पाउण्डवाल तथा तारकाटा निर्माण | राजाबाबु कन्स्ट्रक्सन | १ वर्ष १८ दिनको म्याद घटि | २०८०।४।२ | २०८१।४।२० | ६,७२,४०० |
| **जम्मा** | | | | | | | **१,३२,७७,४७८.३२** |
| | | | | | | प्रमाण पेश नगरेको | १,३२,७७,४७८.३२ |

५९ **नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १७,०५,३८५.२१ समेत रु. १,४८,२३,७३३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो। अतः कर समायोजनको प्रमाणपत्र पेश हुनुपर्ने रु.

| **भौ.नं. र मिति** | **विवरण** | **प्यान नम्वर** | **भुक्तानी रु.** | **मू.अ.कर रु.** | **नन्फाइलर** |
|---|---|---|---|---|---|
| | | | | | |

| एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|
| ३।०८०।३।१८ | शर्मा।गजुरमुखी जे.भी. | ६१७५५३७६० | १,४८,२३,७३३ | १७,०५,३८५.२१ | २०७९।M।१२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०५,३८५.२१ |

६० **(३४-२०८०-३-२४) कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२४ मा प्राविधिक पुष्ट्याई सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न विद्यालयलाई भवन निमार्णको लागि खाता रोक्का गरी रु. ६७,५०,००० निकासा गरेकोमा सो को कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । अतः उक्त निकासा रकमको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| विद्यालय | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| श्री ने.रा.मा.वि. बेनौली | ४ कोठे भवन निर्माण | ४५,००,००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम |
| श्री ने.रा.आ.वि. पकडिया | २ कोठे भवन निर्माण | २२,५०,००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम |
| **जम्मा** | | **६७,५०,०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५०,००० |

६१ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार कार्यको लागि नापी किताव लगायत प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तयार नगरी, प्रमाणित फोटो नभएको सो वापत खर्च लेखेको रु.१५,७७,०८५ रकम पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यको विवरण | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ५।०७९।८।२८ | सि.सि.टि.भि. खरिद तथा जडान | ४,३४,२५९ | सि.सि.टि.भि. जडान भएको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| ६०।०८०।२।२६ | सि.सि.टि.भि. खरिद तथा जडान | ११,४२,८२६ | सि.सि.टि.भि. जडान भएको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । |
| **जम्मा** | | **१५,७७,०८५** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,७७,०८५ |

६२ **(२-२०८०-२-४) सडक बोर्डः** पालिकाले कब्रगाहदेखि पकडिया कालोपत्रे हुँदै इनर्वा गाउँको बोर्डरका सीमासम्म सडक मर्मत उपभोक्ता समितिलाई ३० प्रतिशत पालिकाको तथा ७० प्रतिशत सडक बोर्डको रकम हुने गरी सम्झौता बमोजिम भुक्तानी हुँदा जम्मा कार्य रु. ११,११,२५० को श्रमदान रु. १,११,१२५ घटाई बाँकी समितिलाई रु. १०,००,१२५ भुक्तानी मध्ये सडक बोर्डको ७० प्रतिशतले हुने रु. ७,००,०८७.५ मात्र व्यहोर्नुपर्नेमा रु. ९,२९,६७२ व्यहोरेकोले सडक बोर्डले बढी व्यहोरेको रु. २,२९,५८४.५ पालिकाले बोर्डलाई फिर्ता गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,५८४.५ |

६३ **नर्म्स विपरित खर्चः** पालिकाले निर्माण कार्य बापत सम्बन्धित कार्यमा तालुक निकायले स्वीकृत गरेको नर्म्स बमोजिम खर्च गरिनु पर्दछ । सडकको कार्यमा सडक बिभागले बनाएको नर्म्स प्रयोग गर्नुपर्नेमा सो भन्दा बढी नर्म्स प्रयोग गरी भुक्तानी दिएको निम्नानुसार बढी खर्च लेखेको पाइएकोले सम्बन्धित उपभोक्ता समितिलाई पि.सि.सि. M20 १:१.५:३ को कार्यको लागि बढी भुक्तानी भएको रु. ३,९५,३६९.३१ बढी व्ययभार परेको अनियमित देखिएको रु.

| **भौ.नं.र मिति** | **कार्य** | **भुक्तानी दर** | **सडक विभागको नर्म्स** | **परिमाण** | **फरक दर** | **व्ययभार रु.** |
|---|---|---|---|---|---|---|
| ७७।०८०।३।२२, ५६।०८०।२।१९ र ४१।०८०।२।१ | वडा नं. ७ साविक ३ देखि ट्रान्सफर्मर देखि चौघती चौक हुँदै नहरसम्म सडक ढलान र नाला निर्माण उ.स. बेनौली | १५५०९ | ११९५० | १११.०९ | ३५५९ | ३,९५,३६९.३१ |

| | |
|---|---|
| अनियमित भएको | ३,९५,३६९.३१ |

६४ **उपभोक्ता समितिको बील भरपाईः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन संलग्न गरेपनि सम्झौता पत्रमा बील भरपाई पेश गर्ने भनी सम्झौता गरेको पाइयो । यसरी लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको बील भरपाई रु. ८,७८,६०२.५ पेश गराई बढी मूल्याङ्कन गरी भुक्तानी गरेको असूल गर्नुपर्ने देखिएको रु.

| **क्र.सं.** | **कामको विवरण** | **बील पेश गर्नुपर्ने रु.** | **बील पेश भएको रु.** | **घटी बील भरपाई पेश भएको रु.** |
|---|---|---|---|---|
| १. | वडा नं. ५ मा खानेपानी चापाकल जडान उ.स. | १५,०१,१०२.७५ | १३,६६,४००.७ | १,३४,७०२.०५ |
| २. | न.पा. भरी आवश्यकता अनुसार माटो पुरी ग्राभेल उ.स. | २२,३५,३७५ | १६,५०,००० | ५,८५,३७५ |
| ३. | वडा नं. ९ को कुडवाको माईब्रहम बाबाको मन्दिर निर्माण उ.स. | १२,९२,३४६.४५ | ११,३३,८२१ | १,५८,५२५.४५ |
| **जम्मा** | | | | **८,७८,६०२.५** |
| | | | असुल गर्नुपर्ने | ८,७८,६०२.५ |

६५ **उपभोक्ताको योगदानः** पालिकाले उपभोक्ता समिति मार्फत् कार्यान्वयन गरेका आयोजनाहरुमध्ये नमूना छनौट गरी निम्नानुसार आयोजनामा उपभोक्ता योगदान बिष्लेषण गर्दा कुल भएको काममा नभई पालिकाबाट सम्झौता हुँदाका बखत समावेश गरिएको रकम अनुरुप योगदान गणना गर्दा निम्नानुसार योगदान नपुगरहेको देखियो । यसरी नपुग श्रमदान रकम सम्बन्धितबाट रु. १,३५,१५१.०१ असुल गर्नुपर्ने देखिएको रु.

| **आयोजनाको नाम** | **कूल मूल्याङ्कन रु.** | **हुनुपर्ने योगदान रु.** | **उपभोक्ताको योगदान रु.** | **घटि योगदान रु.** |
|---|---|---|---|---|
| वडा नं. ५ मा खानेपानी | १५,०१,१०२.७५ | १,९५,४८८.६१ | १,५०,११०.२७ | ४५,३७८.३४ |

| | | | | |
|---|---|---|---|---|
| चापाकल जडान उ.स. | | | | |
| विद्यानन्दको घरदेखि जोगिन्द्र सिंहको घरसम्म सडक ढलान उ.स. | १६,००,६५६.७२ | १,७७,६६२.७९ | १,५९,९७३.७९ | १७,६८९ |
| वडा नं. ९ को कुडवाको माईब्रहम बाबाको मन्दिर निर्माण उ.स. | १२,९२,३४६.४५ | १,६८,००५ | १,२९,२३४.६४ | ३८,७७०.३६ |
| समाधिस्थल कब्रस्थान संरक्षण पचरौता १ | ८,६६,८३४.२ | ७,७५,००० | ७,५८,१३३.१९ | १६,८६६.८१ |
| कब्रगाहदेखि पकडिया कालोपत्रे हुँदै इनर्वा गाउँको बोर्डरका सीमासम्म सडक मर्मत उ.स. | ११,११,२५० | १,२७,५७१.५ | १,११,१२५ | १६,४४६.५ |
| **जम्मा** | | | | **१,३५,१५१.०१** |
| | | | असुल गर्नुपर्ने | १,३५,१५१.०१ |

६६ **ईटामा मू.अ.कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ। यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मूल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मू.अ. कर भुक्तानी भएको देखिन्छ। यसरी बिजक बेगर मू.अ.कर भुक्तानी दिएको रू.१,२७,९९६ नियमसंगत देखिएन। अतः पालिका कार्यालयले मूल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मू.अ.कर समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मू.अ.कर असुल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

| भौ.नं.र मिति | उपभोक्ता समितीको नाम | कामको बिवरण | मू.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | शीर्षक |
|---|---|---|---|---|---|---|
| **पालिका पूँजीगत** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८।०७९।१२।२६ | वडा नं. ७ को सडक ढलान | सडक ढलान | ३५,३६० | १७,६८० | १७,६८० | |
| १९।०७९।१२।२७ | वडा नं. ७ धर्मनगर टोलमा मुख्य सडक राजेन्द्र पटेलको घरदेखि श्री भगवान पटेलको घरसम्म उ.स. | सडक ढलान | ५२,००० | २६,००० | २६,००० | |
| ८७।०८०।३।२४ | श्रीनगर बैरियाको वडा कार्यालय भवन निर्माण उ.स. २ | भवन निर्माण | ८३,५१२ | ४१,७५६ | ४१,७५६ | |
| **शसर्त पूँजीगत** | | | | | | |
| १३।०८०।३।४ | समाधिस्थल कब्रस्थान संरक्षण पचरौता १ | कब्रस्थान संरक्षण | ५६,००० | २८,००० | २८,००० | |
| २२।०८०।३।२२ | छोटी मस्जिद पहुँच मार्ग सुधार वडा नं. १ | मार्ग सुधार | २९,१२० | १४,५६० | १४,५६० | |
| **जम्मा** | | | | | **१,२७,९९६** | |
| | | | | | असुल गर्नुपर्ने | १,२७,९९६ |

६७ **सिमेन्टमा मू.अ.कर बिजक बेगर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मूल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही बमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मू.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मू.अ.कर भुक्तानी दिएको रू.६८,६३२.३. नियमसंगत देखिएन। अतः पालिकाले मूल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मू.अ.कर समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मू.अ.कर असुल गरी संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

| भौ.नं.र मिति | उपभोक्ता समितिको नाम | कामको | मू. अ. कर | बिजक पेश | बिजक पेश नभएको | शीर्षक |
|---|---|---|---|---|---|---|

| | | बिवरण | भुक्तानी रकम | भएको रकम | रकम | |
|---|---|---|---|---|---|---|
| **पालिका पूँजीगत** | | | | | | |
| १८।०७९।१२।२६ | वडा नं. ७ को सडक ढलान | सडक ढलान | ६१,९१२.५ | ४३,२५६.२ | १८,६५६.३ | |
| १९।०७९।१२।२७ | वडा नं. ७ धर्मनगर टोलमा मुख्य सडक राजेन्द्र पटेलको घरदेखि श्री भगवान पटेलको घरसम्म उ.स. | सडक ढलान | ४२,९०० | ३५,४६४ | ७,४६६ | |
| ८७।०८०।३।२४ | श्रीनगर बैरियाको वडा कार्यालय भवन निर्माण उ.स. २ | भवन निर्माण | ३६,५६२.५ | २३,८८७.५ | १२,६७५ | |
| **शसर्त पूँजीगत** | | | | | | |
| २२।०८०।३।२२ | छोटी मस्जिद पहुँच मार्ग सुधार वडा नं. १ | मार्ग सुधार | ९९,४५० | ६९,६१५ | २९,८३५ | |
| **जम्मा** | | | | | **६८,६३२.३** | |
| | | | | असुल गर्नुपर्ने | ६८,६३२.३ | |

६८ **प्रमाण पेश नभएको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको पाइयो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ५।०७९।८।२८ | कम्प्युटर एण्ड आई.टि.सप्लायर्स | सि.सि.टि.भि. खरिद तथा जडान | ४,३४,२५९ | सि.सि.टि.भि. चेकजाँच भएको प्रतिवेदन पेश भएको पाइएन । |
| २ | ६०।०८०।२।२६ | आर.के.सप्लायर्स | सि.सि.टि.भि. खरिद तथा जडान | ११,४२,८२६ | सि.सि.टि.भि. चेकजाँच भएको प्रतिवेदन पेश भएको पाइएन । |

सैद्धान्तिक बेरुजु

६९ **सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (संशोधन २०७७समेत) बमोजिम फुसको छानो भएका विपन्न परिवारलाई प्रथम किस्तामा जस्ता काठपात लगायत सामग्री खरिदका लागि ६० प्रतिशतले रु. ३०,००० र सो को कार्य सम्पन्न पछि ४० प्रतिशतले हुने रु. २०,००० समेत जम्मा रु. ५०,००० अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष अन्तिम किस्ताको जम्मा रु. ४९,००,००० रकम लाभग्राहीसँगको सम्झौता अनुसार ६० प्रतिशतको दरले प्रथम किस्तामा रु. ३०,००० वडा नं. ८ र ९ का १६४ जना लाभग्राहीको बैङ्क खातामा भुक्तानी दिएपनि सो को दोस्रो किस्ता भुक्तानी बाँकी भई लाभग्राहीसँगको सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन । यसरी कार्यविधिमा भएको व्यवस्थाको पालना गरी पालिकाले समयभित्र कार्य सम्पन्न गरी कार्यक्रम प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **उपभोक्ता समितिबाट भएका कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत् कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष ५७ वटा उपभोक्ता समिति मार्फत् काम गराई रु. ५,९८,०३,३६७.५ भुक्तानी भएको देखिन्छ । सो मध्ये स्वीकृत वार्षिक कार्यालयगत योजना बमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमूना छनौट गरी लेखापरीक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन -

क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको पाइएन,

ख) हेभी मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत् नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत् गराएको छ,

ग) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको देखिएन,

घ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्य सम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा

अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको पाइएन,

ङ) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको पाइएन,

च) कार्यालयले उपभोक्ताको भुक्तानी दिनु अगाडी गुणस्तर र परिमाण चेक जाँच गरी भुक्तानी दिएको पाइएन,

छ) उपभोक्ता समितिले आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन,

ज) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको देखिएन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट खुलाएको पाइएन,

झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तसर्थ, कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ञ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन । दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ,

ट) कार्यालयले पेश गरेको लागत अनुमान एवम् प्रावधिक मुल्याकंनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृती र समयमै कार्य भए नभएको सम्बन्धमा एकिन हुने आधार रहेन,

ठ) अधिकांश प्राविधिक मुल्यांकन गर्दा नापी, ठेक्का, विल र कार्य सम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्य सम्पन्न भएको एकिन गर्न नसकिने हुँदा नापी र कार्य सम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी किताबको नम्वर उल्लेख गरी अलग्गै अभिलेख राख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१ **उपभोक्ता समितिले बीमा नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख भन्दा माथिको काम गराउँदा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट रु. २० लाख भन्दा माथिको गरेपनि अनिवार्य बीमा गरेको पाइएन । अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | लागत अनुमान रु. | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नगरपालिका भरि आवश्यकता अनुसार माटो पुरी ग्राभेल उ.स. | २२,९१,६२५.५० | २०,११,८३७ | |
| २. | श्री ने.रा.मा.वि. बेनौलीको फिल्ड मर्मत तथा नाला निर्माण उ.स. | २१,९६,७६६. ९५ | १९,३७,००० | |
| ३. | रामअसरे प्रसाद कोघर देखिकलाबंजर सम्ममा टोपुरी ग्राभेल कल्भर्ट निर्माण उ.स. | ३२,४६,३४९ .६४ | २८,९७,९०८ | |
| ४. | नगर भरी आवश्यकता अनुसार चापाकल बितरण /जडान उ.स. | ४३,४७,६११.४५ | ३८,७७,४०५ | |
| ५. | वडा नं. १ देखि ९ सम्म स्यालो ट्युबेल निर्माण उ.स. | ३२,०१,००० | २९,०५,४६७ | |
| ६. | कृषि सिचाईको लागि वडा नं. १ देखि ९ सम्म डिप ट्युबवेल निर्माण उ.स. | ४३,२३,१९०.८३ | ३७,२५,६०३ | |
| ७. | वडा नं. ४ मा छठ घर निर्माण उ.स. | ३२,९३,०९८ | २७,३३,१०६ | |
| ८. | पचरौता वडा नं. ७ साबिक वडा नं. ३ को ट्रान्सफरदेखि चौघाति चौक हुँदै नहरसम्म सडक ढलान तथा नाला निर्माण उ.स. | ५४,३१,४७९.८६ | ४८,००,२८० | |
| ९. | कब्रगाह देखि पकरिया कालोपत्रे हुदै इनर्वा गाउ को बोर्डर को सिमासम्मको सडक मर्मत उ.स. | ४४,२७,०१२ | १०,००,१२५ | |
| १०. | जोधा महतोको खेतदेखि दुर्योधन ठाकुरको खेतसम्म मटोपुरी ग्राभेल उ.स. | २७,४२,६६४.०४ | २३,६५,३२८ | |
| ११. | वडा नं. ३ को स्वास्थ्य चौकीमा चौतर्फी कम्पाउण्ड वाल निर्माण उ.स. | २७,५७,६४७.६० | २३,०१,६२८ | |

| | सैद्धान्तिक बेरुजु |
|---|---|

७२ **जटिल संरचना निर्माण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फतगराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| **भौ.नं.र मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रु.** |
|---|---|---|---|
| | **पालिका पूँजीगत** | | |
| ८७।०८०।३।२४ | श्रीनगर बैरियाको वडा कार्यालय भवन निर्माण उ.स. २ | भवन निर्माण | १७,४३,००० |
| | **शसर्त पूँजीगत** | | |
| २९।०८०।३।२३ | कृषि सिचाईको लागि डिप ट्युबबेल निर्माण उ.स. (सो कार्य भोलेनाथ ड्रिलिङ्ग एण्ड मर्मत सेवाबाट गराएको छ) | डिप ट्युबबेल निर्माण | ३७,२५,६०३ |

अतः नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनु पर्दछ ।

| | सैद्धान्तिक बेरुजु |
|---|---|

७३ **नर्म्स विपरित खर्चः** पालिकाले निर्माण कार्य बापत सम्बन्धित कार्यमा तालुक निकायले स्वीकृत गरेको नर्म्स बमोजिम खर्च गरिनु पर्दछ। सडकको कार्यमा सडक बिभागले बनाएको नर्म्स प्रयोग गर्नुपर्नेमा सो भन्दा बढी नर्म्स प्रयोग गरी भुक्तानी दिएको निम्नानुसार बढी खर्च लेखेको पाइएकोले सम्बन्धित उपभोक्ता समितिलाई पि.सि.सि. M15 १:२:४ को कार्यको लागि बढी भुक्तानी भएको रु.१५,४१,०२५.०९ बढी व्ययभार परेको अनियमित देखिएको रु.

| **भौ.नं. र मिति** | **विवरण** | **भुक्तानी दर** | **सडक विभागको नर्म्स** | **परिमाण** | **फरक दर** | **व्ययभार रु.** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| पालिका पूँजीगत | | | | | | |
|---|---|---|---|---|---|---|
| ८।०७९।११।१४ | भवानीपुर टोलमा बद्री पटेलको घरदेखि मेन सडकसम्म ढलान उ.स. ७ | १२२६९.५ | १०१६२ | ६१.४ | २१०७.५ | १,२९,४००.५ |
| १८।०७९।१२।२६ | वडा नं. ७ को सडक ढलान | १२२६९.५ | १०१६२ | ६३.५७ | २१०७.५ | १,३३,९७३.७८ |
| १९।०७९।१२।२७ | वडा नं. ७ धर्मनगर टोलमा मुख्य सडक राजेन्द्र पटेलको घरदेखि श्री भगवान पटेलको घरसम्म उ.स. | १२२६९.५ | १०१६२ | ६१.६६ | २१०७.५ | १,२९,९४८.४५ |
| ३०।०८०।१।२१ | विद्यानन्दको घरदेखि जोगिन्द्र सिंहको घरसम्म सडक ढलान उ.स. | १२२६९.५ | १०१६२ | ९५.१३ | २१०७.५ | २,००,४८६.४८ |
| ३३।०८०।१।२४ | बलधुस्वा टोलमा वकील अन्सारीको घरदेखि किशोरी मुखियाको घरसम्म सडक ढलान उ.स. ९ | १२२६९.५ | १०१६२ | ७९.२८ | २१०७.५ | १,६७,०८२.६ |
| ३८।०८०।१।३१ | प्रभु ठाकुरको घरदेखि गम्हिरा साह तेलीको घरसम्म नाला तथा सडक ढलान उ.स. २ | १२२६९.५ | १०१६२ | ५९.२० | २१०७.५ | १,२४,७६४ |
| ७७।०८०।३।२२,<br>५६।०८०।२।१९ | वडा नं. ७ साविक ३ देखि ट्रान्सफर्मर देखि चौघती चौक हुँदै | १२२६९.५ | १०१६२ | ९३.१२ | २१०७.५ | १,९६,२५०.४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र<br>४१।०८०।२।१ | नहरसम्म सडक ढलान र नाला निर्माण उ.स. बेनौली | | | | | |
| ५५।०८०।२।१९ | महेन्द्र दासको घरदेखि श्री ने.रा. आ.वि. श्रीनगर बैरियासम्म पक्की सडक ढलान उ.स. | १२२६९.५ | १०१६२ | २४.९२ | २१०७.५ | ५२,५१८.९ |
| ६९।०८०।३।१ | वडा नं. २ श्रीनगर बैरिया रामनरेश साहको घरदेखि उमेश साहको घरसम्म सडक ढलान उ.स. | १२२६९.५ | १०१६२ | ३८.१४ | २१०७.५ | ८०,३८०.०५ |
| ८१।०८०।३।२३ | विजय पटेलको गोठदेखि लखिन्द्र यादवको घरसम्म सडक ढलान उ.स. | १२२६९.५ | १०१६२ | ५१.३७ | २१०७.५ | १,०८,२६२.२८ |
| **शसर्त पूँजीगत** | | | | | | |
| २२।०८०।३।२२ | छोटी मस्जिद पहुँच मार्ग सुधार वडा नं. १ | १२२६९.५ | १०१६२ | १०३.४२ | २१०७.५ | २,१७,९५७.६५ |
| **जम्मा** | | | | | | **१५,४१,०२५.०९** |
| | | | | | अनियमित भएको | १५,४१,०२५.०९ |

७४ **रसिद नियन्त्रण खाता-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ आन्तरिक आयको लागी सिस्टमवाट राजस्व नकाटी नगद रसिद प्रयोग भएको पाइयो। सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखि रसिद

नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। यसरी प्रयोग भएको रसिद ठेली सम्बन्धी विवरण पेश गरेको भएतापनि आर्थिक बर्षको शुरुमा गतको मौज्दात बाँकी रहेको ठेली संख्या खुल्ने गरी कार्यालय प्रमुखले प्रमाणित गरेको रसिद नियन्त्रण खातामा बास्तवमा के कति रसिद प्रयोग भयो भनी लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तसर्थ बास्तवमा प्रयोग भएका रसिद र सो अनुसार राजस्व पालिकाको आय खातामा समयमै दाखिला भए नभएको एकिन गरिनुपर्दछ। रसिद नियन्त्रण प्रभावकारी नभएको तथा समयमा राजस्व दाखिला नहुने कारण आय व्यवस्थापनमा कमजोरी देखिएकोले सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **आन्तरिक आयतर्फ**

७५.१ **मुल्य अभिबृद्धि करः** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी संघीय संचित कोषमा दाखिला हुनुपर्नेमा निम्न आय ठेक्कामा नगरपालिकाले मुल्य अभिवृद्धि कर रकम नउठाएकोमा बक्यौता रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

| हटियाको नाम | ठेकेदारको नाम | अवधी | कबोल अंक | मु.अ.कर बक्यौता रकम | यस वर्षको असुली | जम्मा बाँकी |
|---|---|---|---|---|---|---|
| कोइलाही माछा पोखरी | वृज मत्स्य फर्म | ५ बर्ष | ७०५००० | ९१६५० | ० | ९१६५० |
| पिपरपाती माछा पोखरी | मंसुर मत्स्य फर्म | ५ बर्ष | ३००१५०० | ३९०१९५ | ० | ३९०१९५ |
| इमलिया र बेलुवा माछा पोखरी | वृज मत्स्य फर्म | ५ बर्ष | ८०५००० | १०४६५० | ० | १०४६५० |
| **जम्मा** | | | | | | **५८६४९५** |

सैद्धान्तिक बेरुजु

७५.२ **आयको प्रक्षेपण तथा प्राप्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाँउपालिका तथा नगरपालिकाको वित्तीय अधिकारक्षेत्रको व्यवस्था गरिएको छ। उक्त परिच्छेद अन्तरगत दफा ५४ देखि ६८ सम्म व्यवस्था हरुको कार्यान्वयन गर्दै स्थानीय तहहरुले आफ्नो आन्तरिक आय संकलन गर्न सक्ने व्यवस्था अनुरुप पालिका आफैले संकलन

गर्ने आय शिर्षकहरुवाट रु. १८०७१४११३२।९७ प्राप्त गर्ने प्रक्षेपण गरेकोमा रु. ५५४९४६०।८७ असुली गरेको विवरण पेश गरेको छ। नगरसभावाट पारित अनुमानको तुलनामा ३.०७ प्रतिशत आय संकलन भई अनुमान भन्दा ९६.९२ प्रतिशत घटि आय प्राप्त भएको देखिन्छ। वित्तीय आत्मनिर्भरता र पालिकाको समग्र विकासको दीर्घकालिन श्रोत व्यवस्थापनको लागि आन्तरिक आयको असुली तथा संकलनको दायरालाई बढाउदै आयको अनुमानलाई यथार्थपरक बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७५.३ **यन्त्र उपकरण सञ्चालन-** पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय रु.३१०९५०।०० रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन। उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन गरेकोमा सो सम्बन्धी कुनै कार्यविधि तयार गरेको पाइएन। मेशिनहरु पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा समेत सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत रहेको छैन्। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

**व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन। पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अद्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

**सवारी करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असुलीलाई प्रभाबकारी बनाउनेतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।

**सम्पति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५५** मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले मालपोत कर बापत रु ६१९६००।०० संकलन गरेको पाइयो । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकीकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

**मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।०८० मा पालिकाले कुनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

**घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले कुनै पनि घर जग्गा बहाल कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बहाल कर एकिन गरी असुल गर्नुपर्दछ ।

**बहाल विटौरी करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत वहाल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७९।०८० मा पालिकाले कुनैपनि बहाल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने वहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५.४ **वडा तथा नगरपालिका आम्दानीः** पालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडातर्फ रु.११४७९६५.०० र पालिकातर्फ रु.४४०१४९५.८७ गरी जम्मा रु.५५४९४६०.८७ राजश्व संकलन भएको छ। पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुँदा वडा कार्यालय तथा पालिका कार्यालयमा के कति रसिद प्रयोग भए र के-कति बाँकी छन भन्ने व्यहोरा खुल्न सकेन। नगदी रसिद तथा मालपोत रसिद गत बर्ष कति बाँकी थियो र कति प्रयोग गरियो भन्ने व्यहोरा समेत खुल्न सकेन। रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा अनुगमन गरिएको पनि छैन्। तसर्थ, आन्तरिक आयको प्राप्ति र बैकं दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा आन्तरिक आयको यथार्थताको एकिन गर्न सकिएन। उल्लिखित कमजोरी समयमै सुधार हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५.५ **कर छुट :** पालिकाको आर्थिक ऐन २०७९ को दफा १० मा कर छुट सम्बन्धी व्यवस्थामा यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै किसिमको कर छुट दिने छैन भनी स्पष्ट व्यवस्था गरिएको छ । तर पालिकाले यस बर्ष जम्मा वडागत तथा पालिका दुवै तर्फ गरी रु. ५५४९४६०।८७ मात्र राजस्व संकलन गरेको छ । आर्थिक बर्ष २०७९।८० मा सिफारिस शुल्क सेवाग्राहीलाइ छुट दिने गरेको पाइएकोले वडाहरुले पूर्ण रुपमा सेवा शुल्क तथा दस्तुर संकलन गरेको देखिएन । यसरी सिफारिस चलानी अनुसार राजस्व प्राप्त भएको नदेखिएकोले आयको यथार्थता एकिन गरी सम्बन्धितलाई जिम्मेवार बनाइनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५.६ **स्रेस्ता तथा अभिलेखः** पालिकाले आन्तरिक राजस्वतर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन। स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ति कर लगायतका विभिन्न शीर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन। तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानुन बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

सैद्धान्तिक बेरुजु

७५.७ **आय ठेक्काः** नगरपालिका अन्तर्गत रहेका निम्न पोखरीमा आर्थिक बर्ष २०७५।७६ मा आय ठेक्कामा ५ बर्षको लागि लगाइएकोमा प्रत्येक बर्ष प्रति किस्ता रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्नेमा माछा पोखरीको आम्दानी प्राप्त गरेको नदेखिएकोले निम्न माछा पोखरीबाट बक्यौता रहेको रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला भएको भौचर पेश गर्नुपर्ने रु.

| **पोखरीको नाम** | **ठेकेदारको नाम** | **अवधी** | **किस्ता रकम** | **यस वर्षको बक्यौता** | **हालसम्मको बक्यौता (नवौं किस्ता सम्मको)** |
|---|---|---|---|---|---|
| भिखना माछा पोखरी | देविलाल बैठा | ५ बर्ष | ७५०००० | ७५०००० (नवौं किस्ता सम्मको) | १११०००० |
| इमलिया र बेलवा माछा पोखरी | शिवनाथ सहनी | ५ वर्ष | ८०५०० | १०००० (चौथो किस्ता सम्मको) | १०००० |

| | |
|---|---|
| **हालसम्मको बाँकी बक्यौता** | **११२००००** |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ७,६०,००० |

७५.८ **असुल गर्न बाँकी आन्तरिक आय**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र कर बापतको बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले यस बर्ष निर्धारण आन्तरिक आय देहाय अनुसार असुल गर्न बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लागत समेत तयार गरेको छैन ।जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी बास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोहि अनुसार आयको लेखाङ्कन गरी असुल गर्दै स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **साधन प्रयोग गर्ने व्यक्ति /फर्मको नाम** | **दाखिला गर्न बाँकी** |
|---|---|---|
| १ | विजय ढकाल<br>गणेश निर्माण सेवा प्रा.लि. | ३२६००० |
| २ | सुनिल यादव इनर्वा | ११९०० |
| ३ | प्रभु ठाकुर बैरिया | ४४९२५ |
| ४ | दिनबन्दु साह पकडिया | ८०४० |
| ५ | सुरेश यादव बेल्दारी | ७००० |
| ६ | विनोद सिंह पिपरपाती | २०९४० |
| ७ | राकेश पटेल रामनगर | ३१२० |
| 8 | समसुदिन मिया पिपरपाती | २५०० |
| 9 | बद्री पटेल भवानीपुर | १००० |

| | | |
|---|---|---|
| | **जम्मा** | **४,२४,६२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२४,६२५ |

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

७६.१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका र काममा आधारित पारिश्रमिक सम्बन्धी निर्देशिका बमोजिम विनियोजित सम्बन्धित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा कुनै पनि काम गरेको छैन । यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा रु ५७७५०००।० विनियोजन भएकोमा रोजगार सिर्जनामा रु ३९८६०००।० बजेट भएकोमा रु ८८६९६।० अर्थात २.२२ मात्र खर्च गरेको छ पालिकाले प्रधानमन्त्री रोजगार संयोजक, प्राविधिक सहायक तथा रोजगार सहायक गरी ३ कर्मचारी रहदा रहदै पनि कुनै योजना नगरी फ्रिज गराएको छ । यसरी पालिकाले तोकिएको कार्यक्रम नगर्दा लक्षित वर्गमा अल्पकालिन रोजगार हुनबाट बन्चित भएको देखिन्छ । तसर्थ कार्यालयले कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तरवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७६.२ **प्रगति समिक्षाः** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धी प्रगति समिक्षा गरेको पाइएन । पालिकाले आगामी आर्थिक वर्षमा चौमासिक तथा वार्षिक समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७६.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष थोरै योजना सञ्चालन गरेकोमा एकपटक पनि सार्वजनिक सुनिवाई गरेको पाइएन । अत सार्वजनिक सुनुवाई गर्नुपर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७७ **सामाजिक सुरक्षातर्फ**

७७.१ **अनुगमन तथा निरीक्षण :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका

अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यमा प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरेको देखिएन । अतः पालिकाले यस सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण कार्य समयमा नै सम्पन्न गर्न पहल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

७७.२ **पारदर्शीता कायमः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

७७.३ **रकम भिडान** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता बैङ्कलाई निकासा भएको रु १५९५०२०९५।०० रकममध्ये बैंकले वितरण गरी बाँकी रकम संघीय सञ्चित कोष खातामा जम्मा रु.२६३४४३०।०० दाखिला गरेको देखिन्छ। पालिकाले निष्क्रिय खातामा रहेको रकम र बैक Statement माग गरी भिडान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

---

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: पचरौता नगरपालिका, बेनौली, बारा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्याम प्रसाद यादव | २०७७-५-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | हासिम मियाँ अँसारी | २०७६-९-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,५२७,२२५.८७ | २,४५९,६४३.४ | ३५,९६५,५५३.८४ | ० | ० | ६,५४६,७७७ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४९,४९९,२००.११ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | -० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४९,४९९,२००.११ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०६६५६९६९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५१९२१५०० | **चालु खर्च** | ३३७७९२७२३ |
| **प्रदेश सरकारबाट अनुदान** | १५६०९००० | **पूँजीगत खर्च** | १०१९९६०८१ |
| **राजश्व बाँडफाँट** | ७६५४७९४५ | **वित्तीय/अन्य व्यवस्था** | १९२५११७३३ |

| | | | |
|---|---|---|---|
| **आन्तरिक आय** | १२८७५०६६ | | |
| **अन्य आय** | २०६१६२१८२ | | |
| **कुल आय** | ६६३११५६९३ | **कुल खर्च** | ६३२३००५३७ |
| **बाँकी मौज्दात** | | १३७४७२१२५ | |

**नोटः** प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।